# बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोच
# सन् २०१३ - २०२५
(बीउ बिजन क्षेत्रको बिकास रणनीति)

**मूल दस्तावेजको सारांश**

नेपाल सरकार
**कृषि बिकास मन्त्रालय**
**राष्ट्रिय बीउ बिजन समिति**
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर

२०७० बैशाख

# बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोच
# सन् २०१३ - २०२५

## सारांश


बालीका नयाँ जातहरु तथा गुणस्तरीय बीउ कृषि उत्पादनमा वृद्धि तथा खाद्य सुरक्षामा दीगो सुधारका लागि सबैभन्दा उपयुक्त माध्यम हुन् । बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ को तयारीका क्रममा पूर्व प्रकाशित सन्दर्भ सामग्रीहरुको गहन अध्ययन, कार्यक्षेत्रको भ्रमण र सरोकारवालाहरुसँग छलफल गर्ने कार्यहरु भए । यो दस्तावेज नेपालको बीउ बिजन विकास रणनीतिका लागि दीर्घकालसम्म उपयोगमा आउने हिसाबले एउटा उपयोगी, समष्टिगत तथा तथ्यमा आधारित सामग्रीका रुपमा विकास गरिएको छ । यसले गुणस्तरीय बीउमा आत्मनिर्भर, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनका माध्यमबाट उत्पादन वृद्धि गर्ने, आम्दानी बढाउने र रोजगारीका अवसरहरु सृजना गर्ने लक्ष राखेको छ । बीउ बिजनको दीर्घकालीन सोचको अवधारणात्मक प्रारुप बीउ बिजन मूल्य श्रृंखलाका अवयवहरुः जातीय विकास तथा सम्बर्द्धन, बीउ उत्पादन, बीउ प्रशोधन तथा तयारी, बीउ बजारीकरण, र बीउ उपयोगमा आधारित छ । यो दीर्घकालीन सोचले यस क्षेत्रलाई रणनीतिक मार्गदर्शन तथा पहुँचविन्दु प्रदान गर्नुका साथै तोकिएको समयावधि भित्र खास खास उपलब्धि र त्यसबाट पर्ने प्रभावको बारेमा जानकारी दिन्छ । साथै, यसले नेपालमा दीगो बीउ बिजन प्रणाली विकासको अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक पर्ने प्रमुख रणनीतिहरु, प्रकृया तथा उत्पादन सामग्रीका बारेमा सुझाव दिन्छ ।

बीउ बिजनको दीर्घकालीन सोचले सन् २०२५ सम्ममा स्थान विशेषमा बढी उत्पादन दिने प्रतिस्पर्धात्मक बालीका जातहरुको सिफारिश संख्या दोब्बर हुने अपेक्षा गरेको छ । औपचारिक बीउ प्रणालीबाट उत्पादन हुने बीउको परिमाण तीन गुणाले बृद्धि हुनेछ । बीउ प्रतिस्थापन दर वृद्धि भै खाद्यान्न बालीको हकमा कम्तिमा २५ प्रतिशत र तरकारी बालीको हकमा ९० प्रतिशत पुग्नेछ । यो सोचले गरीव, महिला तथा सीमान्तकृत वर्गमा खाद्य सुरक्षाको प्रत्याभूति दिलाउन महत्वपूर्ण योगदान दिनेछ । सन् २०२५ सम्ममा कूल खान योग्य खाद्यान्न उपलब्धता ८० लाख मेट्रिक टन पुग्नेछ जस्को चालु मूल्य करिब २ खर्ब नेपाली रुपैंयाँ हुनेछ ।

लक्षित उद्देश्य हासिल गर्नको लागि बीउ बिजनको दीर्घकालीन सोचले चारवटा रणनीतिक मार्गदर्शनहरु प्रस्ताव गरेको छः

(१) स्थानीय एवं वाह्य श्रोतबाट प्राप्त हुने आनुवांशिक भण्डारको उपयोग गरी जातीय विकास, उन्मोचन र सम्बर्द्धन कार्यलाई बलियो बनाउने ।
(२) बीउ बिजन गुणस्तर नियन्त्रण सम्बन्धी सेवा चुस्त रुपमा प्रदान गरी सरकारी, सामुदायिक तथा निजी क्षेत्रलाई बीउ उत्पादन, प्रशोधन तथा तयारीमा सहयोग गर्ने ।
(३) बीउ व्यवसायीहरुको व्यापारिक क्षमता अभिवृद्धि गर्ने तथा बीउ बिजनसँग सम्बन्धित भौतिक पूर्वाधारमा लगानी गर्ने ।
(४) स्थानीय आनुवांशिक श्रोत समेतको उपयोग गरी कृषकले राम्रा मध्येबाट उपयुक्त जात छनौट गर्न सक्ने अवस्थामा पुऱ्याउने तथा त्यस्ता जातको गुणस्तरीय बीउको उपयोग प्रवर्द्धन गर्ने ।

यी रणनीतिहरुको अनुशरणबाट व्यवसायिक संस्कार भएका चुस्त एवम् प्रभावकारी सरकारी, सामुदायिक तथा निजी स्तरका बीउसँग सम्बन्धित संस्थाहरुको विकासका लागि उपयुक्त नीतिगत वातावरण बन्न सक्ने अपेक्षा गरिएको छ । बीउ बिजनको दीर्घकालीन सोचको कार्यान्वयनले लैंगिक समता तथा सामाजिक समावेशीकरणका अलावा खाद्य सुरक्षा, रोजगारी श्रृजना, जैविक विविधताको संरक्षण, तथा जलवायु परिवर्तनको असर न्यूनीकरण तर्फ देशलाई लैजाने अपेक्षा गरिएको छ ।

## १ परिचय

उपयुक्त किसिमको बीउ बिजन प्रणालीले उत्पादन बृद्धि उच्च बनाई देशको कृषि क्षेत्रलाई दीगो र सबल बनाउँछ । कृषि क्षेत्रले अझै पनि नेपाली अर्थतन्त्रको सबैभन्दा ठूलो हिस्सा ओगटेको छ र यस क्षेत्रको बिकास भन्नाले कृषि उत्पादनको परिमाणात्मक तथा गुणात्मक बृद्धिलाई बुझाउँछ । साथै, गुणस्तरीय बीउको प्रयोगले ३० प्रतिशत सम्म उत्पादन बढ्छ भन्ने कुरा स्थापित मान्यता बनी सकेको छ । यिनै बिबिध कारणहरुले गर्दा कृषि क्षेत्रको समग्र बिकासमा बीउ बिजनको महत्वपूर्ण भूमिका रहेको देखिन आउँछ ।

उपयुक्त जात, उपयुक्त समय, सुपथ मूल्य तथा आबश्यक परिमाणमा गुणस्तरीय बीउको पहुंच कृषकहरु समक्ष पुग्दा बहुसंख्यक नेपाली जनताको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउँछ । कृषि उत्पादनमा बीउ बिजनको गहन भूमिकालाई मध्यनजर राख्दै यस क्षेत्रमा संलग्न सरोकारवालाहरुले नेपालमा एउटा प्रयोगमा ल्याउन सजिलो, बृहत, र प्रमाणमा आधारित बीउ बिजनको दीर्घकालीन सोंचको आबश्यकता महशुस गरेका छन् । बीउ बिजनको दीर्घकालीन सोंचले खाद्यान्न उत्पादन बढाउने तथा गुणस्तरीय बीउको उपलव्धता बृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने लक्ष राखेको छ । बीउ बिजनसंग सम्बन्धित मूलभुत समस्याहरु जस्तैः कम उत्पादनशील बालीका जातहरुको प्रयोग, प्रयोगमा आइरहेका जातहरुको संरक्षण तथा व्यवस्थापन अभाव, बिदेशमा उत्पादित बीउको अत्याधिक आयात, तथा आबश्यक परिमाणमा गुणस्तरीय बीउको अभाव, आदिले बीउ बिजनको दीर्घकालीन सोंच तयार गर्ने कुरामा बल पुऱ्याएका छन् । यसका अलावा, नेपाली बीउ बिजन क्षेत्र सिमित मात्रामा उपलव्ध बीउ प्रशोधन तथा भण्डारण सुविधा, कमजोर बजार संयन्त्र, न्यून बीउ प्रतिस्थापन दर, अपरिपक्व बीउ कम्पनीहरु तथा दक्ष जनशक्तिको अभाव जस्ता अप्ठ्याराहरुबाट गुज्रिन बाध्य छ । तसर्थ, बीउ बिजनको दीर्घकालीन सोचको मुख्य उद्देश्य यी समस्याहरुको सम्बोधन गर्दै एउटा मजवुत बीउ बिजन प्रणाली स्थापना गर्न आबश्यक कार्यहरु गर्ने रहेको छ ।

### १.१ कार्यविधि

बीउ बिजनको दीर्घकालीन सोंचको मस्यौदा तयार गर्न अनुभवी परामर्शदाताहरुको एउटा टोली बनाइएको थियो । यो टोलीबाट बिभिन्न बालीसंग सम्बन्धित अनुसन्धान केन्द्रहरु, बीउ बिजन प्रशोधन केन्द्रहरु, बीउ बिजन परीक्षण प्रयोगशालाहरु, शिक्षण संस्थाहरु, स्थानीय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु, बीउ बिजन कम्पनीहरु, बीउ उत्पादक समूहहरु, सहकारी संस्थाहरु, बीउ व्यवसायीहरु लगायत नेपाल कृषि अनुसन्धान परिषद् तथा कृषि बिभागमा रहेका अन्य सम्बन्धित निकायहरुको भ्रमण गरी बीउ बिजनसंग सम्बन्धित सूचना संकलन गरिएको थियो । भ्रमणको क्रममा यो टोलीले सरोकारवालाहरुसंग बीउसंग सम्बन्धित मुद्दाहरुमा छलफल गर्दै प्राप्त सूचनालाई कम्पाइल गरी मस्यौदा प्रतिवेदन तयार गऱ्यो । यो मस्यौदा प्रतिवेदन सरकारी प्रतिनिधि, किसान संगठन, बीउ बिजन कम्पनी, एग्रोभेट, गैह्र सरकारी संस्था, दातृ निकाय, बिज्ञ समूह, नीति निर्माता तथा प्रमुख राजनितिक दलका कृषिसंग सम्बन्ध राख्ने भातृ संस्थाका प्रतिनिधि गरी १०० जना भन्दा बढी सहभागीहरुको उपस्थितिमा सन् २०१२ मार्च १८ मा आयोजित राष्ट्रिय स्तरको गोष्ठीमा पेश गरिएको थियो । त्यसभन्दा अगाडी बिभिन्न चरणमा आयोजना गरिएका बैठकहरुमा छलफल गरी प्राप्त भएका सुझाव तथा १७ जना बिज्ञहरु रहेको एउटा प्यानेलले गरेको अध्ययनबाट प्राप्त निचोडको आधारमा यो मस्यौदा परिमार्जन भएको थियो । यो मस्यौदामा त्यस पछि पनि राष्ट्रिय योजना आयोग, सरोकारवाला मन्त्रालय, कृषि बिकास मन्त्रालय अन्तरगतका बिभिन्न निकाय, सरकारी तथा गैर सरकारी संस्था, एवम निजी संस्थाहरुबाट बिभिन्न अवसरमा राय सुझाव प्राप्त भए । त्यसरी प्राप्त भएका उपयुक्त सुझावहरुलाई समेत समेटी यो प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । यो प्रतिवेदन (१) परिचय, (२) नेपालमा बीउ बिजनको बर्तमान अवस्था, (३) बीउ बिजन मूल्य सृङ्खला बिश्लेषण, (४) बीउ बिजनको दीर्घकालीन सोंच, उद्देश्य र रणनीतिक गन्तव्य, (५) बीउ क्षेत्र बिकास रणनीति, (६) प्रभाव, तथा (७) अनुगमन तथा मूल्यांकन गरी सात बिभिन्न अध्यायहरुमा बिभाजन गरिएको छ ।

## १.२ बीउको बर्गीकरण तथा प्रणाली

बीउको बर्गीकरण निम्नानुसार गरिएको छः (१) न्यूक्लियस बीउः प्रजनकले उत्पादन गरेको सबैभन्दा पहिलो बीउ (२) प्रजनन बीउः प्रजनक वा यस्तो बीउ उत्पादन गर्ने संस्थाद्वारा नियन्त्रित शुद्ध बीउ (३) मूल बीउः प्रजनन बीउबाट उत्पादित बीउ (४) प्रमाणित बीउ - प्रथम पुस्ता र प्रमाणित बीउ - दोश्रो पुस्ताः मूल बीउबाट प्रमाणित बीउ - प्रथम पुस्ता उत्पादन गरिन्छ भने प्रमाणित बीउ - प्रथम पुस्ताबाट प्रमाणित बीउ - दोश्रो पुस्ता उत्पादन गरिन्छ । (५) उन्नत बीउः यस किसिमको बीउ जुनसुकै स्तरको बीउबाट उत्पादन गर्न सकिन्छ । यस्तो बीउको गुणस्तर उच्च हुन्छ तर प्रमाणीकरण गर्ने निकायबाट प्रमाणित गरिएको हुंदैन ।

नेपालमा अनौपचारिक र औपचारिक गरी दुई किसिमका बीउ प्रणाली छन् । अनौपचारिक बीउ प्रणालीमा किसानहरुले आफ्नो लागि आबश्यक पर्ने बीउ आफै उत्पादन गर्छन् । यस्तो बीउ छिमेकीहरुसंग आदान प्रदान हुन्छ, नातागोतालाई उपहारको रुपमा दिने काम पनि हुन्छ र सिमित परिमाणमा प्रमाणित नगरिकनै बिक्रि समेत गरिन्छ । औपचारिक बीउ प्रणालीमा सरकारी र निजि क्षेत्रले व्यापारिक उदेश्यले बीउ उत्पादन गर्छन् । तिनीहरुले बीउ निरिक्षण, परिक्षण तथा प्रमाणीकरण प्रकृया पुरा गरी उपयुक्त किसिमको प्याकेज बनाई संकेतपत्र लगाएर बिक्रि बितरणका लागि बजारमा पठाउँछन् ।

# २ बीउ बिजन क्षेत्रको बिकास रणनीतिको सिँहावलोकन

## २.१ पृष्ठभूमि

सन् १९५० को उत्तरार्द्ध तथा १९६० को पूर्वार्द्धतिर बिदेशी धान, मकै र गहुँका जातहरु नेपाल भित्र्याई सरकारले औपचारिक बीउ प्रणालीको शुरुवात गरेको थियो । सरकारी निकायको रुपमा तत्कालीन कृषि सामग्री संस्थानले एउटा बीउ प्रशोधन केन्द्र तथा एउटा बीउ परिक्षण प्रयोगशालाको स्थापना गरी सन् १९७४ देखि बीउ बिजन व्यवशायको शुरुवात गर्‍यो । औपचारिक बीउ प्रणालीमा सन् १९९० सम्म सरकारी क्षेत्रको प्रभुत्व थियो भने सन् १९९१ पछि केही निजी बीउ व्यवसायीहरु संगठित भएर यस प्रणालीमा लागे । यसै गरी बीउ बिजनसंग सम्बन्धित केही आयोजना संचालनमा आए । सरकारले बीउ बिजन व्यवसायलाई व्यवस्थित बनाउन बीउ बिजन नीति, ऐन तथा नियमावली कार्यान्वयनमा ल्यायो । निजी क्षेत्र बीउ व्यवसायमा लगानी गर्न इच्छुक देखियो र सरकारले यस क्षेत्रको बिकासको लागि केही पूर्वाधारको बिकास गर्‍यो । दातृ निकायहरु पनि औपचारिक बीउ प्रणालीलाई बलियो बनाउन लागि परे । यसै क्रममा सन् २००२ मा सरकारले राष्ट्रिय बीउ बिजन कम्पनी लि.को स्थापना गर्‍यो । यस कम्पनीको स्थापनालाई नेपाली बीउ व्यवशाय प्रवर्द्धन कार्यको एउटा महत्वपूर्ण खुड्किलोको रुपमा लिइन्छ । सरकारी निकायहरु बीउ बिजनसंग सम्बन्धित योजना तर्जुमा तथा प्रसार कार्यक्रम संचालनका अलावा अन्य बिभिन्न क्रियाकलापहरुमा संलग्न रहेका छन् जस्तैः बीउ बिजनसंग सम्बन्धित कानून तथा नीति निर्माण, बीउ बिजनसंग सम्बन्धित अनुसन्धान कार्यक्रमको संचालन, बालीका बिभिन्न जातहरुको बिकास तथा व्यवस्थापन, प्रजनन् तथा मूल बीउ उत्पादन कार्यक्रम संचालन, बीउ बिजनको गुणस्तर नियन्त्रण, बजार व्यवस्था, तथा कृषकहरुलाई बीउ उपयोग सम्बन्धी तालिम प्रदान । गैह्र सरकारी संस्थाहरु, बीउ बिजन कम्पनीहरु, सहकारी संस्थाहरु, बीउ बिजन बिक्रेताहरु तथा समुदायहरुले समेत बालीका केही जातहरुको बिकास गरेका छन् तर तिनीहरु मुख्यतया अन्न तथा तरकारी बालीका बिभिन्न जातहरुको उत्पादन, प्रशोधन तथा व्यापार कार्यमा संलग्न रहेका छन् । हाल कार्यान्वयनमा रहेका प्रायजसो नीतिहरु जस्तैः बीउ बिजन ऐन - १९८८ तथा यस्को प्रथम शंसोधन - २००८, बीउ बिजन नियमावली - २०१३, बीउ बिजन उत्पादन निर्देशिका - १९९८, बीउ बिजन नीति - १९९९, राष्ट्रिय कृषि नीति - २००४, सामुदायिक बीउ बैंक निर्देशिका - २००८ तथा

त्रिबर्षीय अन्तरिम योजना (२०१०/११ - २०१२/१३) ले राष्ट्रिय बीउ बिजन प्रणालीलाई बलियो बनाउन सहयोग गरेका छन् ।

सन् १९८८ पछि बीउका बिभिन्न क्षेत्रमा काम गर्न २० भन्दा बढी आयोजनाहरु कार्यान्वयनमा आए । यी आयोजनाहरुले बिशेष गरी समुदायमा आधारित बीउ उत्पादन बिधिको नेपालमा शुरुवात गराउनुका साथै बीउमा काम गर्ने बिभिन्न बिधिहरुलाई एकिकृत गर्ने, निजि क्षेत्रलाई बीउ व्यवशायमा संलग्न गराउने, बीउ उत्पादकहरुलाई व्यापारीहरुसंग जोड्ने, निर्यात बजारको खोजि गर्ने कार्यहरुमा योगदान पुऱ्याएका छन् । यी आयोजनाहरु मध्ये धेरैजसोले बढी संचालन खर्चमा थोरै क्षेत्रफल तथा सिमित प्रकारका बीउ बिजनहरुमा कार्यक्रम संचालन गर्नु पर्ने समस्या भोगेका थिए । त्यस्तै, दिगो बीउ व्यवसाय स्थापनामा ध्यान पुऱ्याउन नसक्नु तथा बीउ बिजन क्षेत्रमा स्पष्ट विकास रणनीतिको अभाव जस्ता थप समस्याहरु पनि यी आयोजानाले भोग्नु परेको थियो ।

## २.२ बीउ विजन प्रणालीका अवयवहरु

बीउ बिजनसंग सम्बन्धित नीति नियमहरु, योजना तर्जुमा तथा अनुगमन, जातीय विकास तथा सम्बर्द्धन, बीउ उत्पादन तथा व्यवस्थापन, खेत निरिक्षण तथा बीउ परीक्षण, बीउ प्रमाणीकरण, बीउ प्रशोधन तथा तयारी, बीउ बिजनको प्रसार तथा बजारीकरण एवम् किसानहरुको हक संरक्षण राष्ट्रिय बीउ बिजन प्रणालीका प्रमुख तत्वहरु हुन् । यी तत्वहरुलाई मूल्य श्रृंखला विश्लेषण गर्ने उदेश्यले पाँच विभिन्न अवयवमा समेटिएको छ ।

क) जातीय विकास तथा सम्बर्द्धन
ख) बीउ बिजन उत्पादन
ग) बीउ प्रशोधन तथा तयारी
घ) बीउ बजारीकरण
ङ) बीउ गुणस्तर सुधार तथा बीउ उपयोग

## २.३ नेपालमा बीउ बिजन प्रणालीका सबल पक्ष तथा अवसरहरु

नेपालको बीउ बिजन प्रणालीमा सुधारका प्रशस्त अवसर तथा सम्भावनाहरु रहेको यस्को बिश्लेषणबाट देखिन्छ । विभिन्न समयावधिमा बीउ व्यवसायमा विभिन्न विधी (approach) तथा मोडेलहरुको प्रयोगका कारण नेपालमा औपचारिक बीउ बिजन प्रणालीको स्थापना तथा विकासको जग मजबूत बनाउन सक्ने बलियो सम्भावना देखिन्छ । यो विश्लेषणले आधुनिक प्रजननका तरिकाहरुको उपयोग, प्रजनन कार्यहरुको स्तरीयता, विकेन्द्रित प्रजननको लागि समन्वयात्मक सहयोग, विभिन्न जातहरुको उपलव्धता, शीघ्र प्रजनन चक्र, उपलव्ध जनशक्ति एवं स्थानीय आनुवांशिक श्रोतको उपयोग जस्ता जातीय बिकास तथा सम्बर्द्धनका अवसरहरु रहेको देखाउँछ । बीउ प्रजननको क्षेत्रमा जैविक तथा भागौलिक विविधताको उपयोग, दक्ष जनशक्ति र पूर्वाधारकौ प्रयोग, औपचारिक तथा अनौपचारिक बीउ बिजन प्रणालीको एकीकरण, विभिन्न किसिमका बीउ उत्पादन बिधिहरुको एकीकरण र सरकारी क्षेत्रमा उत्पादित बीउको निजी क्षेत्रबाट वितरण जस्ता अवसरहरु रहेका छन् । बीउ बजारीकरणको क्षेत्रमा निजी क्षेत्रको क्षमता अभिबृद्धि, आयात निर्यातमा लागु हुने नियमहरुमा सहजीकरण, उच्च गुणस्तरका प्याकेजिङ्ग सामग्रीहरुको प्रयोग तथा आवश्यक परिमाणमा गुणस्तरीय बीउको आपूर्ति जस्ता अवसरहरु देखिन्छन् । त्यसै गरी, उपभोक्ता हितको सन्दर्भमा बीउ बिजन प्रवर्द्धन अभियान, सुधारिएको बीउको माग प्रक्षेपण गर्ने संयन्त्र, बीउ उपयोगको अनुगमन, बीउ प्रतिस्थापन दरमा बृद्धि र पृष्ठपोषणको व्यवस्था जस्ता अवसरहरुको उपयोग गर्नु पर्ने देखिन्छ ।

## ३ अवधारणात्मक प्रारुप

बीउ बिजनको दीर्घकालीन सोचको अवधारणात्मक प्रारुप बीउ बिजन श्रृखलाका उत्पादन सामग्रीदेखि उत्पादित सामग्रीसम्मका अवयवहरुमा आधारित छ। बीउ प्रजननको लागि निर्धारण गरिएका खुड्किलाकहरु पार गर्दै अगाडी बढ्दा मूल्य श्रृङ्खला भित्र बीउ विजन उत्पादनका विभिन्न चरणहरुको विश्लेषण गर्न आवश्यक देखिन्छ। बीउ बिजनको मूल्य श्रृंखलामा पांच विभिन्न अवस्थाहरु पार गर्नु पर्दछ। ती हुन्: जातीय विकास तथा सम्बर्द्धन, बीउ उत्पादन, बीउ प्रशोधन तथा तयारी, बीउ बजारीकरण, तथा बीउ उपयोग। यसको अतिरिक्त गुणस्तर नियन्त्रण, नीतिगत व्यवस्था, सांगठनिक ढाँचा, भौतिक पूर्वाधारहरु, वातावरणीय पक्षहरु ,लैंगिक तथा सामाजिक समावेशीकरण, व्यापारिक वातावरण र अनुगमनलाई क्रसकटिंग थिमको रुपमा विश्लेषण गरिएको छ।

विगतको अनुभवबाट प्राप्त उपलब्धिहरु, मुद्धाहरु, तथा सिकिएको पाठहरु मूल्य श्रृंखला अर्न्तगत छलफल गरिएका छन्। विश्लेषणबाट पाप्त नतिजा तथा मध्यम स्तरको बृद्धि अनुमानमा आधारित रहेर सन् २०२५ सम्ममा प्रतिस्पर्धात्मक बीउ बिजन क्षेत्रको विकास गर्ने प्रस्ताव गरिएको छ।

## ४.विश्लेषण तथा प्रक्षेपण

### ४.१ जातीय विकास तथा सम्बर्द्धन

जातीय विकास, उन्मोचन, दर्ता तथा सम्बर्द्धन, बीउ बिजन मूल्य श्रृंखला र बीउ बिजनको दीर्घकालीन सोचको प्रारुप भित्रका मुख्य अवयवहरु हुन्। स्थान विशेषको लागि उपयुक्त तथा बढी उत्पादन दिने बालीहरुको विकास, सम्बर्द्धन तथा उन्मोचन द्रुत गतिमा भैरहेको प्रविधि परिवर्तनका लागि पूर्वावश्यकताहरु हुन् भने कृषि उत्पादन बृद्धि एवं कृषि क्षेत्रमा लाग्नेहरुको लागि आम्दानी बृद्धिका प्रमुख माध्यमहरु हुन्। तथापी, अहिलेको सन्दर्भमा जातीय विकास र तिनीहरुको सम्बर्द्धन गर्न आवश्यक पर्ने अनुसन्धान कार्यको लागि बजेट तथा जनशक्तिको न्यून परिचालन भएको छ र यसका लागि आवश्यक पर्ने संस्थागत तथा संगठनात्मक संरचना कमजोर छ।

विश्लेषणले प्रमुख खाद्यान्न बाली बाहेक अन्य बालीका जातहरु खेतीका लागि सिफारिश गर्ने कार्य निकै कम भएको देखाउँछ। थोरै मात्र नयां जातहरु सिफारिश हुने र विस्तारै सिफारिस हुने कुरालाई दृष्टिगोचर गर्दा कृषकको आवश्यकता पुरा गर्न तथा उनीहरुले उपयुक्त देखेको जात छनौट गर्न सक्ने अवस्थाको श्रृजना गर्न प्रतिस्पर्धात्मक खालका धेरै जातहरु सिफारिश गर्नु टड्कारो आवश्यकता बनिसकेको छ। तसर्थ, जातहरुको सिफारिश तथा दर्ता प्रकृयालाई सरल र उपयोगी बनाउँदै लैजानु जरुरी देखिन्छ, तर यस्तो प्रकृया अपनाउँदा बिशिष्टता, एकरुपता र स्थायित्वका न्यूनतम आवश्यकताहरु पुरा गर्नु पर्दछ। खुला सेचित (open pollinated) बालीका सिफारिश जातहरुको संख्या सन् २०१० को २३२ बाट बढाई सन् २०२५ सम्ममा ४२३ अर्थात झण्डै दोव्वर पुऱ्याउने लक्ष यस दीर्घकालीन सोचले लिएको छ।

नेपालमा सरकारी तथा निजी दुवै क्षेत्रमा तालिम प्राप्त दक्ष जनशक्ति, भौतिक पूर्वाधार तथा लगानीको अभावमा वर्णशंकर जातहरुको विकास सम्बन्धी अनुसन्धानले गति लिन सकेको छैन। वर्णशंकर जातहरुको आयातलाई घटाउन सरकारी तथा निजी दुवै क्षेत्रमा रहेका अनुसन्धान संस्थाहरुले प्रशस्त पूंजी र जनशक्तिका साथ वर्णशंकर जात अनुसन्धान कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ। यसका लागि तत्कालै विशेष किसिमको कार्ययोजना बनाई लागु गर्नु आवश्यक छ। आयात प्रतिस्थापन तथा बढ्दो आन्तरिक माग पुरा गर्न सन् २०२५ सम्ममा सरकारी क्षेत्रबाट २० वटा तरकारीका, १२ वटा मकैका, र ८ वटा धानका गरी ४० वटा वर्णशंकर जातहरु विकास गरिनेछन्। यसका अतिरिक्त, निजी क्षेत्रबाट १० वटा तरकारीका, ५ वटा मकैका र ५ वटा धानका गरी २० वटा वर्णशंकर जातहरु विकास गरिने छन्।

कुनै पनि जातमा भएको विशेष गुणहरुको सम्बर्द्धन गर्न जातीय सुधार गर्नु प्रजनन तथा जातीय विकासको एउटा प्रमुख खुड्किलो हो । विभिन्न बालीका विभिन्न जातहरु तिनका लागि उपयुक्त हावापानी भएका विभिन्न फार्म/केन्द्रहरुमा उत्पादन गरी राखिएको छ । तथापी, यसरी उत्पादन तथा विकास भएका जातहरुको भौतिक तथा आनुवांशिक शुद्धता बारेमा निकै गुनासाहरु छन् । त्यसैले, सबै वीउ उत्पादन केन्द्रहरुमा एउटा बलियो जातीय सुधार कार्यक्रम संचालनको आवश्यकता देखिएको छ । कुनै पनि बालीको कुनै पनि जातमा भएको विशिष्टता, एकरुपता र स्थायित्वको संरक्षण गर्नु पर्दछ । धान, मकै, गहुँ, आलु र दलहनका प्रजनन सामग्रीहरु अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरुबाट प्राप्त गर्न सकिन्छ तर अन्य बालीका अनुवांशिक श्रोत भने सजिलै प्राप्त गर्न सकिँदैन । त्यसैले आयातित बर्णशंकर जातहरुलाई पुनर्प्रयोग बिधि (Recycling technique) अपनाई नेपालमै वर्णशंकर तथा अन्य जातहरु विकास गर्ने तरिका अवलम्बन गर्नु पर्दछ ।

## ४.२ बीज वृद्धि

हालको अवस्थामा (सन् २००९) केही प्रमुख खाद्यान्न तथा तरकारी बालीको प्रजनन बीउको उत्पादन ५२ मे.टन रहेको छ, जुन यसको आवश्यकता अनुरुप नै रहेको देखिन्छ । यति हुँदा हुँदै पनि कृषकको चाहना अनुसारका जातहरुको प्रजनन बीउ अपुग छ । आगामी वर्षहरुको खाद्यान्न उत्पादनका लागि आबश्यक पर्ने मूल बीउको परिमाणबाट त्यति मूल बीउ उत्पादन गर्न आवश्यक पर्ने प्रजनन बीउको परिमाण किटान गर्न सकिन्छ । बीउको गुणस्तर र जातीय उपलब्धतामा ध्यान पुऱ्याउँदै सन् २०२५ सम्ममा प्रजनन बीउ उत्पादन ८८ मे.टन पुऱ्याउनु पर्ने देखिन्छ ।

खाद्यान्न तथा तरकारी बालीको मूल बीउ उत्पादन सन् २००९ मा १४७१ मे.टन थियो । यो परिमाणमा उत्पादित मूल बीउबाट त्यस पछिका बीउ उत्पादनका सबै चरणहरुलाई पार गर्दै जाने हो भने, अहिलेको बीउ प्रतिस्थापन दर र उन्नत बीउको माग पुरा गर्न पर्याप्त रहेको देखिन्छ । निजी तथा सरकारी क्षेत्रको अनुसन्धान क्षमतामा वृद्धि गरी उच्च उत्पादन दिने तथा कृषकहरुले मन पराउने जातहरुको बीउ उपलब्ध हुन सक्ने अवस्थाको श्रृजना गर्ने कुरालाई यो दीर्घकालीन सोचले आत्मसात गरेको छ । बाली उत्पादनको प्रक्षेपित तथ्यांकको आधारमा त्यसको लागि आबश्यक पर्ने अनुमानित प्रमाणित र उन्नत बीउ उत्पादन गर्न आबश्यक पर्ने मूल बीउको परिमाण सन् २०२५ का लागि २९७८ मे.टन हुन आउँछ ।

औपचारिक क्षेत्रबाट खाद्यान्न तथा तरकारी बालीको प्रमाणित तथा उन्नत बीउ उत्पादन सन् २००९ मा ३२,३५२ मे.टन रहेको थियो । यी बालीहरुको लक्षित बीउ प्रतिस्थापन दर हिसाब गर्दा सन् २०२५ को लागि आवश्यक पर्ने प्रमाणित तथा उन्नत बीउको परिमाण ९२,५२७ मे.टन अनुमान गरिएको छ (तालिका नं १) । बीउको आवश्यकता २५ प्रतिशत बीउ प्रतिस्थापन दरको आधारमा प्रक्षेपण गरिएको हो । उल्लेखित परिमाणमा बीउ उत्पादन गर्न बीउ उत्पादन गर्ने क्षेत्रफल हालको १३२४१ हेक्टरबाट बृद्धि गरी २६८०१ पुऱ्याउनु पर्ने देखिन्छ । क्षेत्रफल बृद्धि दोब्बरभन्दा बढी देखिए पनि खासै चुनौतीको विषय होइन ।

**तालिका - १: प्रजनन, मूल र प्रमाणित/उन्नत बीउ उत्पादन र आवश्यक प्रक्षेपित बीउको परिमाण**

| क्र.सं. | बीउ स्तर | उत्पादन (मे.टन.) | | | | आवश्यक परिमाण (मे.टन.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २००१ | २००५ | २००९ | २०१० | २०१५ | २०२० | २०२५ |
| १ | प्रजनन बीउ | ५२ | ५० | ५२ | ५३ | ५५ | ७१ | ८८ |
| २ | मूल बीउ | ६९९ | ६७० | १४७१ | १५०२ | १९७७ | २५५२ | २९७८ |
| ३ | प्रमाणित/उन्नत | ३५८३ | १०५०३ | ३२३५२ | ३७३२० | ५३९४४ | ७६३७१ | ९२५२७ |

### ४.३ बीउ प्रतिस्थापान दर

सैद्धान्तिक रुपमा बीउ प्रतिस्थापान दर स्वसेचित बालीको लागि २५ प्रतिशत, परसेचित बालीको लागि ३३ प्रतिशत र वर्णशंकर जातहरुको लागि सत प्रतिशत हुनु पर्छ । सन् २००९ को आंकडा अनुसार बीउ प्रतिस्थापन दर धान, मकै, गहुँ तथा तरकारीहरुमा क्रमशः ९ प्रतिशत, ७ प्रतिशत, ९ प्रतिशत, ६६ प्रतिशत थियो । सन् २०२५ सम्म यो दर खाद्यान्नमा २५ प्रतिशत,. तथा तरकारीमा ९० प्रतिशत पुग्ने अनुमान गरिएको छ । सन २००१ देखि बीउ प्रंतिस्थापन दर क्रमश बढ्दो गतिमा छ । यो दस्तावेज लागु भई सकेपछि यसमा प्रक्षेपित लक्ष सजिलो संग प्राप्त हुनेछ । हाल व्यवसायिक पकेट क्षेत्रहरुमा मकै, धान र तरकारीका वर्णशंकर जातहरुले क्रमशः १० प्रतिशत, २ प्रतिशत र ६० प्रतिशत. क्षेत्रफल ढाकेको छ ।

### ४.४ बीउ प्रशोधन तथा तयारी

निजी क्षेत्र र सामुदायिक संस्थाहरुमा रहेका बीउ प्रशोधन ईकाइहरु सुचारु रुपले संचालन भई रहेका छन् भने धेरैजसो सरकारी एवं अर्ध सरकारी निकाय अन्तरगतका बीउ प्रशोधन ईकाईहरु न्यून प्रयोगमा रहेका छन् । कृषकस्तरमा बीउ प्रशोधन कार्य गर्न तालिम प्राप्त जनशक्ति तथा आवश्यक संरचनाहरुको कमी रहेको छ । हाल नेपालमा जम्मा २० वटा बीउ प्रशोधन केन्द्रहरु संचालन रहेका छन् । यी केन्द्रहरुको बीउ भण्डारण क्षमता करिव ११,००० मे.ट. रहेको छ जसलाई ६ महिनासम्म भण्डारण गर्न सकिन्छ । सन् २०२५ सम्म कम्तिमा ६ महिनाको लागि करीब ५०,००० मे.ट. गुणस्तरीय बीउ सुविधायुक्त भण्डार गृहमा भण्डारण गर्नु पर्नेछ । तसर्थ, यस दस्तावेजमा उल्लेखित उद्देश्य हासिल गर्न वीउ प्रशोधनका लागि लगानी बृद्धि गर्न आवश्यक देखिन्छ । पहाडी क्षेत्रको लागि घुम्ति बीउ प्रशोधन ईकाईहरु उपयुक्त हुन्छन् । सन् २००९ मा देशभरमा १३ वटा बीउ बिजन परीक्षण प्रयोगशाला चालु अवस्थामा रहेका थिए जसले १७,००० मे.ट. बीउको लटबाट लिईएका १३,००० नमुना परीक्षण गरेका थिए । सन् २०२५ मा ५०,००० मे.ट. बीउबाट लिईने नमूना परीक्षण गर्नु पर्ने देखिन्छ त्यसको लागि प्रयोगशालाको संख्यामा हालको ३ गुणाले बृद्धि गर्नु पर्ने हुन आउँछ । यो कार्य पुरा गर्न यस दस्तावेजले सन् २०२५ सम्म सरकारी तथा निजीस्तरमा थप २० वटा बीउ परीक्षण प्रयोगशालाहरु स्थापना गर्न प्रस्ताव गरेको छ । भविष्यमा उपयोग गर्न तथा आकस्मिक आबश्यकता (अतिबृष्टि, अनाबृष्टि, रोग कीरा, दैवीप्रकोप जस्ता प्राकृतिक विपद) पुरा गर्न हरेक बालीको लागि आबश्यक पर्ने कूल बीउको करीब १० देखि २० प्रतिशत सम्म बीउलाई जगेडा भण्डार ( buffer stock) मा राख्नु पर्नेछ । सन् २०२५ सम्म नेपालमा करीब १०,००० मे.ट. बीउ जगेडा भण्डारमा राख्नु पर्ने अनुमान गरिएको छ ।

### ४.५ बीउ बजारीकरण

बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ ले देश भित्र बढी उत्पादन दिने बालीका प्रतिस्पर्धी जातहरुको बीउको बजारीकरणमा जोड दिएको छ । यसका लागि यो सोचले सरकारी एवं निजी क्षेत्रमा बीउ अन्तर सन्जाल, बीउ विक्रेता तथा आपूर्ति पद्धतिको विकास एवम् सबलीकरण गर्न प्रस्ताव गरेको छ । नेपालमा विभिन्न बाली तथा जातका बीउहरु सफलतापूर्वक उत्पादन र बजाारीकरण गर्न सकिन्छ भन्ने तथ्य विगत तीन दशकको बीउ उत्पादन सम्बन्धी अनुभवले स्थापित गरेको छ ।

नेपालमा हाल प्रयोग हुने कूल तरकारीको बीउ मध्ये करीब पाँच भागको एक भाग (१९ प्रतिशत) आयात हुँदै आइरहेको छ । घरेलु वर्णशंकर बीउको उत्पादन र बजारीकरण मार्फत सन् २०२५ सम्ममा यसलाई ८ प्रतिशतमा झारिनेछ । त्यस्तै अन्तर्राष्ट्रिय प्रतिस्पर्धि वर्णशंकर बीउको पहुंच पनि देशमा कायम राखिनेछ । बिशेष गरी खुला सेचित बालीको बीउ निर्यातबाट कूल कारोवारमा बीउ निर्यातको अंश हालको १२ प्रतिशतबाट बढाई सन् २०२५ सम्ममा २९ प्रतिशत पुऱ्याउने अपेक्षा गरिएको छ । बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ ले तरकारी बीउको उपलब्धता बढ्दो गतिमा, निर्यात सामान्य दरमा तथा आयात मामूली गिर्दो दरमा हुने परिकल्पना गरेको छ ।

## ४.६ बीउ विजनको उपयोग

उपलब्ध प्रमाण तथा अवलोकनले गुणस्तरीय बीउमा कृषकहरुको सिमित पहुँच तथा यस्तो बीउको उपयोगका बारेमा उनीहरुमा ज्ञानको अभावले गर्दा कृषकस्तरमा गुणस्तरीय बीउको प्रयोग धेरै कम भएको तर्फ इङ्गित गरेका छन् । कृषकहरुलाई गुणस्तरीय बीउको उपयोग बारे सचेत गराउन बीउ बारे उचित शिक्षा तथा जानकारी दिने खालका अभियानहरु संचालन गर्न आवश्यक छ । बजारमा पाईने खुला सेचित, वर्णशंकर तथा न्यून गुणस्तरीय बीउको अवस्था बारे जानकारी दिन राष्ट्रिय बीउ बिजन समितिले नियमित रुपमा बीउ उपयोगको अनुगमन गर्नु जरुरी छ ।

## ४.७ बीउको गुणस्तर तथा अन्य नीतिगत मुद्धाहरु

बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ ले अन्तर मत्रालय समन्वयको लागि (कृषि बीउ र वन पैदावार बीउको लागि) राष्ट्रिय बीउ बिजन समितिलाई स्तरोन्नति गर्ने प्रस्ताव गरेको छ । साथै, यसले समितिमा निजी क्षेत्र (निजी क्षेत्रमा कार्यरत प्रजननकर्ता, आयातकर्ता, निर्यातकर्ता, निजी बीउ बिजन प्रयोगशाला, बीउ व्यवसायी संघ, आदि) र बीउ बिजनसंग सम्बन्धित अन्य समितिका प्रतिनिधिहरुको संख्या बढाउन सिफारिश गरेको छ । यसका अन्य सिफारिशहरुमा पचहत्तरै जिल्लामा बीउ बिजन ऐनका प्रावधानहरुको कार्यान्वयन गराउने तथा बीउको गुणस्तर कायम राख्न बीउ उत्पादक कृषक तथा निजी बीउ उद्यमीहरुलाई एउटै सूत्रमा बाँध्ने रहेका छन् ।

बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ ले महिला तथा पछाडी परेको बर्गको पूर्ण तथा सकृय सहभागिताको सुनिश्चितद्वारा समाबेशी तथा समतामूलक बिकासलाई बढावा दिन्छ । यस सोचमा सुझाइएको नीतिगत सुधारले लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम संचालन गर्ने सचेतना जगाउँछ र महिला तथा पछाडी परेको बर्गको सशक्तीकरणमा सहयोग गर्दछ ।

बीउ बिजन व्यापारलाई सहज बनाउन, कृषकहरुमा नयाँ जातका बीउको पहुँच बृद्धि गर्न तथा विश्व व्यापार संगठन (WTO), सार्क (SAARC), साफ्टा (SAFTA), विम्स्टेक (BIMSTEC) जस्ता बिश्वव्यापी तथा क्षेत्रीय संगठनहरुका नियम एवम् प्रकृयागत मापदण्ड पुरा गर्न नेपालका नीति, ऐन तथा नियमहरुमा आबश्यक परिमार्जन गर्न तथा तादात्म्यता कायम गर्नु जरुरी छ । त्यसै गरी, कृषकहरुलाई आफ्नो बिचारको रक्षा गर्न तथा माग राख्न सक्ने बनाउन उपभोक्ता शिक्षा सम्बन्धी उपयुक्त नीति तथा कार्यक्रमहरुको जरुरत छ ।

## ४.८ सार्वजनिक निजी साझेदारी

कूल खाद्यान्न बालीको बीउ उत्पादनमा अहिले सरकारी, निजी तथा सामुदायिक क्षेत्रको बराबर हिस्सा रहेको छ । गहुंको बीउमा सरकारी क्षेत्र (रा.बी.बि.कं.लि.) को भूमिका अपेक्षाकृत धेरै छ भने धान र मकैको बीउमा सामुदायिक क्षेत्रको हिस्सा बढी देखिन्छ । निजी क्षेत्र (बीउ बिजन कम्पनीहरु) को भूमिका उपर्युक्त बालीहरुको बीउमा मध्यम भए तापनि तरकारी बीउमा भने अधिक रहेको छ । बीउ व्यवसायमा निजी तथा सामुदायिक क्षेत्रको भूमिका बढ्न थालेको सन्दर्भमा बीउ बिजनको दीर्घकालीन सोचले सरकारी क्षेत्रको भूमिका क्रमशः घट्दै जाने अपेक्षा गरेको छ ।

देशको कूल वीउ विजन आपूर्तिमा निजी क्षेत्रको हिस्सा बढ्न गई सन् २०२० को अन्त्य तिर यसले प्रमुख भूमिका खेल्नेछ । यो दस्तावेज लागु भै सकेपछि सुरुका अवस्थामा सामुदायिक क्षेत्रको द्रुत विकास भई सन् २०२० सम्म यो क्षेत्र अग्रणी स्थानमा पुग्नेछ । तत्पश्चात् प्रतिस्पर्धात्मक रुपमा निजी क्षेत्रको द्रुत विकास भई सामुदायिक क्षेत्रको भूमिकामा त्रमशः गिरावट आउनेछ ।

बीउ विजन व्यवसाय उच्च तुलनात्मक लाभ दिने सेवा क्षेत्र हो । कुशल व्यवस्थापकीय संस्कृतीको विकासद्वारा निजी क्षेत्रले बीउ विजनको क्षेत्रमा प्रमुख भूमिका खेल्नेछ भन्ने बीउ बिजनको दीर्घकालीन सोचको आशय रहेको छ । सरकारी निजी साझेदारी (PPP) मोडेलमा देशमा चारवटा ठूला बीउ कम्पनीहरुको स्थापना एवम् सवलीकरण गर्न सरकारले निजी क्षेत्रलाई लिजमा आवश्यक जग्गा, अनुदान सहयोग, उपकरणहरुमा कर तथा भन्सार छुटको व्यवस्था तथा प्रारम्भिक चरणमा केही जनशक्ति उपलब्ध गराउने यस दस्तावेजमा प्रस्ताव गरिएको छ । यी ठूला बीउ कम्पनीहरु बीउ मूल्य संृखला (Seed Value Chain) को ५ वटा प्रमुख अवयवमा प्रभावकारी ढंगबाट काम गर्न सक्षम हुनु पर्नेछ । सरकारी क्षेत्रले जातीय विकासको लागि आवश्यक विभिन्न आनुवांशिक सामग्रीहरु उपलब्ध गराउनु पर्नेछ । साथै, सरकारी क्षेत्रमा रहेका वीउ प्रंशोधन इकाइहरु, बीउ परिक्षण प्रयोगशालाहरु, भण्डारण सुबिधाहरु तथा जग्गा जमिन समेतमा निजी क्षेत्रले उपयोग गर्न पाउने व्यवस्था गर्नु पर्नेछ ।

## ४.९ स्वदेशी आनुवांशिक श्रोतको संरक्षण तथा दीगो उपयोग

बर्तमान परिस्थितिमा कूल खपतको ९० प्रतिशत भन्दा बढी बीउ आपूर्ति स्थानीय स्तरमा बीउ बचत गर्ने, बीउ साटासाट गर्ने र गाउँघरमै खरिद बिक्री गर्ने जस्ता अनौपचारिक क्षेत्रबाट हुने गर्दछ । स्थानीय बीउ सुरक्षा तथा दीगो बाली बिकास/सुधारको लागि ती बहुमुल्य आनुवांशिक श्रोतहरुको प्रयोगमा विशेष ध्यान पुऱ्याउनु पर्छ । बराबरी पहुंच तथा लाभको न्यायसंगत बाँडफाँडको लागि कृषक तथा स्थानीय समुदायको अधिकार संरक्षण गरिनु पर्छ । प्रस्तावित बाली विविधता संरक्षण तथा कृषकको अधिकार (Plant Variety Protection & Farmrs Rights) सम्बन्धी विधेयक २००५ ले कृषक तथा प्रजनकको अधिकारमा सन्तुलन ल्याउन मद्दत गर्नेछ जसले बाली प्रजनन अनुसन्धानमा आन्तरिक तथा बाह्य लगानी भित्र्याउन समेत टेवा पुऱ्याउनेछ ।

## ४.१० जनशक्तिको आवश्यकता

वर्तमान स्थितिमा जातीय विकास, बीउ उत्पादन, प्रशोधन र बजारीकरणको लागि सरकारी तथा निजी क्षेत्रमा गरी १०० जनाको हाराहारीमा दक्ष जनशक्ति उपलव्ध रहेको अनुमान छ । यिनीहरुले बीउसंग सम्बन्धित विभिन्न विधाको प्रतिनिधित्व गर्दछन् जस्तैः बाली प्रजनन, बाली विज्ञ, बीउ विश्लेषक, बीउ प्रविधि अनुसन्धानकर्ता, बीउ निरीक्षक, प्रशोधन उपकरण संचालक /इन्जीनियर, बीउ प्रसार तथा बजार विशेषज्ञ । सन् २०२५ सम्म बीउ बिजनको दीर्घकालीन रणनीतिमा प्रस्तावित क्रियाकलापहरुलाई सहयोग गर्न यस्ता विशेषज्ञहरुको संख्या कम्तीमा ३०० जना (हालको संख्यामा तेव्वर) पुऱ्याउनु पर्ने प्रस्ताव गरिएको । यो अनुमान प्रक्षेपण गरिएको बीउ बालीको क्षेत्रफल, बीउको परिमाण र सरकारी एवं निजी क्षेत्रमा उपलव्ध संस्थागत क्षमतामा आधारित छ ।

# ५. दीर्घकालीन सोचको उद्देश्य र रणनीतिक मार्गदर्शन

### सोच (Vision)

कृषक र कृषक परिवारहरुको जीवनस्तर (Well being) सुधारको लागि गुणस्तरीय बीउ ।

### ध्येय (Mission)

दीगो र प्रतिस्पर्धी बीउ प्रणालीको माध्यमबाट गुणस्तरीय बीउ उत्पादन गरी कृषकहरुलाई आपूर्ती गर्ने ।

### लक्ष (Goal)

गुणस्तरीय बीउको आत्मनिर्भरता, आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गरी बालीको उत्पादकत्व बृद्धि गर्ने, आम्दानी बढाउने र रोजगारीका अवसरहरु सृजना गर्ने ।

**उद्देश्यहरु (Objectives)**

१. पर्याप्त परिमाणमा गुणस्तरीय बीउ र बीउजन्य सामग्रीहरुमा पहुँच बढाउने ।

२. गुणस्तरीय बीउको उत्पादन र आपूर्ती बृद्धि गरी वीउ प्रतिस्थापन दर बढाउने ।

३. कृषि जैविक विविधताको संरक्षण र दीगो उपयोगबाट स्थानीय बीउको सुरक्षा एवं प्रवर्द्धन गर्ने ।

४. बालीका उन्नत जातहरुको गुणस्तरीय बीउको विकास, उत्पादन एवं बजारीकरणबाट अनुकूल वातावरणको सृजना गर्ने ।

**रणनीतिहरु (Strategies)**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि निम्न रणनीतिहरु अवलम्वन गरिनेछन्:

१ स्थानीय आनुवांशिक श्रोतहरुको उपयोग सहित कृषकहरुको छनौट/रोजाई अनुसारका जातीय विकल्प उपलब्ध गराई गुणस्तरीय बीउको प्रयोगमा प्रोत्साहन गर्ने ।

२ प्रभावकारी एवं गुणस्तरीय बीउ/सेवाहरु प्रवाह गरी वीज बृद्धि, प्रशोधन र तयारीमा सरकारी, सामुदायिक तथा निजी व्यवसायलाई सहयोग पुऱ्याउने ।

३ स्थानीय र बाह्य आनुबांशिक भण्डार (Gene pool) को उपयोगबाट जातीय विकास, उन्मोचन एवं सम्बर्द्धन गर्ने ।

४ बीउ उद्यमीहरुको बजार व्यवस्थापन सम्बन्धी ज्ञान सीपको अभिबृद्धि गर्ने तथा बीउसंग सम्बन्धित पूर्वाधारहरुमा लगानी बृद्धि गर्ने ।

५ व्यवसायिक निष्ठा (Business Culture) भएका दक्ष एवम् प्रभावकारी सरकारी, सामुदायिक र निजी बीउ बिजन संस्थाहरुको विकास गर्ने ।

प्रस्तावित बीउ बिजन विकास रणनीतिहरु विद्यमान सांगठनिक संरचना र अभ्यासमा आधारित छन् । यी रणनीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न निम्न बमोजिमका क्रियाकलापहरु सिफारिश गरिएका छन् :

## ६. कार्य योजना (Activity Action Lines)

### ६.१ जातीय विकास एवं सम्बर्धनात्मक प्रजनन (Varietal Development and Maintenance Breeding)

- **लगानी र संस्थागत सुदृढीकरण:** लगानी बृद्धि गर्ने, मानव संशाधनको विकास र क्षमता अभिबृद्धि गर्ने, आवश्यक पूर्वाधारहरुको विकास र आधुनिक उपकरणकहरुको प्रयोग गर्ने । निजी क्षेत्रमा समेत अनुसन्धान केन्द्रहरुको स्थापना र संचालन गर्ने ।

- **बाली प्रजनकलाई प्रोत्साहन:** बाली प्रजनकहरु एवं कृषकहरुलाई प्रोत्साहन प्याकेजको विकास गर्ने । उपयुक्त बाली जातहरुको विकास गर्न निजी व्यवसायी, बीउ विजन कम्पनीहरु, सहकारी तथा सरकारी निकायहरुलाई सहजीकरण गर्ने ।

- **बंशाणुगत सुधार तथा जातीय सम्बर्द्धन:** उपलब्ध आनुवांशिक श्रोत (जीन पुल) को उपयोग गरी नेपालको विविध हावापानी र अवस्थामा उपयुक्त हुने खालका जातहरुको विकास गर्ने । सरकारी फार्म तथा कृषि केन्द्रहरुलाई निश्चित बाली/जातहरुको सम्वर्द्धन गर्ने जिम्मेवारी तोक्ने ।

- **आधुनिक प्रजनन पद्धतिको प्रयोगः** बिभिन्न बालीका जातहरुको विकास गर्न उपलब्ध आधुनिक बाली प्रजनन तरीकाहरुको अवलम्बन गर्ने । नेपाल कृषि अनुसन्धान परिषद्ले बालीवस्तु विशेषका अनुसन्धान कार्यक्रम अन्तरगत एउटा छुट्टै वर्णशंकर अनुसन्धान इकाइको स्थापना गर्ने । सरकारी निजी साझेदारी ( PPP) अवधारणा अनुसार बिभिन्न बालीका जातहरुको बिकास गर्न निजी स्तरका अनुसन्धान संस्थालाई प्रवर्द्धन गर्ने ।

- **सम्बन्ध (Linkage):** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा शिक्षण संस्थासंग सम्बन्ध स्थापना गर्ने तथा त्यसलाई बलियो बनाउने । ने.कृ.अ.प. अन्तर्गत रहेको आनुवांशिक स्रोत केन्दलाई सबल बनाउने तथा यसको बिस्तार एवम् सन्जाल निर्माण गर्ने ।

- **क्षमता अभिवृद्धिः** सवै तहमा जातीय विकास र संवर्द्धनको लागि बैज्ञानिक क्षमता अभिवृद्धि गर्ने । तल्लो तहमा (grassroots level) जातीय performance को पृष्ठपोषण दिने प्रणालीको बिकास गर्ने, बीउ र जातीय अनुसन्धानको अनुगमन गर्ने ।

- **नीतिगत मुद्धाहरुः** सरकारी निजी साझोदारी अवधारणा अनुसार वर्णशंकर जात अनुसन्धान गर्न नीतिगत मार्गदर्शन निर्माण गर्ने । स्थानीय रैथाने जात र उन्नत जातका बीउहरुको नियमन प्रकृया सरलीकृत र सुचारु गर्ने ।

## ६.२ **बीज वृद्धि** (Seed Multiplication)

- **सरकारी क्षेत्रमा बीउ उत्पादनः** बाली विशेषको आधारमा बीउ उत्पादन क्षेत्रहरुको पहिचान गर्ने । सामुदायिक बीउ बैंक तथा जिल्ला स्तरीय बीउ उत्पादन कार्यक्रमहरुलाई एकीकृत गर्ने । दूर्गम क्षेत्रका बीउ उत्पादन कार्यक्रमलाई सेवा टेवा पुऱ्याउने ।

- **समुदायमा आधारित बीउ उत्पादनः** गुणस्तरीय बीउ उत्पादनको लागि सहभागितामुलक पद्दतिको विकास एवं मार्गदर्शन तयार गरी यस पद्धतीलाई प्राथमिकताका साथ सहयोग गर्ने । सामुदायिक बीउ उत्पादन समुह, सामुदायिक संघ संस्था तथा सहकारीहरुलाई सहयोग गर्ने । सामुदायिक बीउ बैंकलाई प्रवर्द्धन गर्नुका साथै तिनलाई श्रोत बीउ उपलब्ध गराउने ।

- **निजी क्षेत्रमा बीउ उत्पादनः** प्रजनन् सामग्री एवम् दक्ष जनशक्तिको व्यवस्थाबाट निजी क्षेत्रमा बीउ बिजन कम्पनीको स्थापना र सवलीकरण गर्ने । यस्ता कम्पनीहरुलाई भौतिक पूर्वाधार, मेशिनरी उपकरण र जग्गाको लागि कोषको व्यवस्था मिलाउने । सरकारी र निजी क्षेत्रमा स्रोत बांडफांड/मिलान पद्धतीको विकास गर्ने । नियमित तवरमा संचालन हुने बीउ उत्पादन कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको संजाल निर्माणमा सहयोग गर्ने । निजी क्षेत्रमा सबल गुणस्तरीय बीउ वृद्धि कार्यक्रम एवं अनुसन्धान केन्द्रको स्थापना एवम् संचालन सुनिश्चित गर्ने ।

- **बीउ बिजन गुणस्तर नियन्त्रणः** बीउकोस्तर अनुसार सबै तहमा उत्पादन हुने बीउको नियमन, संयन्त्रमा आधारित अनुगमन निरीक्षण, तथा ट्यागिङ एवं प्रमाणीकरणको व्यवस्था मिलाउने । बीउ परीक्षण र परिवर्तित आनुवांशकीय जीवहरु (Gentically modified organisms) को परीक्षण गर्ने प्रयोगशालाहरुको अनुगमन र सुदृढिकरण गर्ने । राष्ट्रिय बीउ बिजन समितिको समन्वयमा बीउ बिजन वासलात तयार गर्नेछ र सम्बन्धित सरोकारवालाहरुले सोही मुताविक योजना बनाई कार्यान्वयनमा ल्याउनु पर्नेछ । गुणस्तर व्यवस्थापनका विविध पक्षहरुमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।

- **नीतिगत मुद्दाहरुः** बीउ उत्पादन करार फारमको सुधार गरी लागु गर्ने । बीउ उत्पादक र कृषकहरुको अधिकार संरक्षण गर्न आवश्यक ऐन नियमहरुको तर्जुमा तथा परिमार्जन गर्ने । बीउ बाली बीमा योजना, व्यवसायिक बीउ उत्पादनमा यान्त्रीकरणको विकास र सहजीकरण गर्ने । साथै, बीउ व्यवसायमा प्रत्यक्ष वैदेशिक लगानी र साझेदारी लगानीको लागि उपयुक्त वातावरण सृजना गर्ने ।

- आधुनिक प्रबिधिको प्रयोग मार्फत गुणस्तरीय बीउ उत्पादन गर्न बीउ उत्पादकहरुको क्षमता अभिवृद्धि गर्ने ।

## ६.३ बीउ प्रशोधन तथा तयारी (Processing and Conditioning)

- **लगानीः** विभिन्न विकास क्षेत्रमा रहेका प्रशोधन उपकरण, भण्डार संरचना र बीउ परीक्षण प्रयोगशालाहरुको क्षमता अभिबृद्धि गर्न लगानी बढाउने ।

- **क्षमता अभिवृद्धिः** निजी, सहकारी, सामुदायिक एवं सरकारी क्षेत्रमा कार्यरत जनशक्तिको पोष्ट हार्भेष्ट प्रविधि एवम् पूर्वाधार बिषयमा दक्षता अभिबृद्धि गर्ने तथा तालिम प्रदान गर्ने ।

- **सरकारी निजी साझेदारीः** हाल पूर्ण क्षमतामा सञ्चालन नभएका बीउ बिजन प्रशोधन उपकरण एवं भण्डार गृहहरुको समुचित उपयोगको लागि सरकारी निजी साझेदारी मार्गदर्शन तयार गरी कार्यान्वयन गर्ने । प्रयोगमा नआएका स–साना बीउ बिजनसंग सम्बन्धित संरचनाहरु स्थानीय बीउ उत्पादक समुह, सहकारी, समुदाय तथा निजी बीउ कम्पनीहरुलाई हस्तान्तरण गर्ने ।

- **नीतिगत मुद्दाः** बीउ प्रशोधन कारखाना स्थापना गर्न निजी र सहकारी क्षेत्रलाई दीर्घकालीन सहुलियतपूर्ण ऋण र अनुदान सहयोग उपलव्ध गराउने । प्रशोधन तथा भण्डारण उपकरण एवम् मेसिनरी औजारहरुको आयात गर्दा नीजी क्षेत्रलाई अनुदान र भन्सार सुविधा दिने व्यवस्था मिलाउने ।

## ६.४ बीउ बजारीकरण (Seed Marketing)

- **बीउ संजालः** सरकारी र निजी क्षेत्रका वीउ विक्रेता र बीउ मूल्य श्रृङ्खलामा आवद्ध अन्य सहभागीहरुको बीचमा संजालको विकास र सुदृढीकरण गर्ने । उपयुक्त योजना तर्जुमा एवं समन्वयका लागि जिल्ला, क्षेत्र र राष्ट्रियस्तरमा बीउ विजन समिति निर्माण गर्ने ।

- **बीउ बजारीकरण पूर्वाधारः** जिल्ला, क्षेत्र र राष्ट्रिय स्तरमा बीउ बजार केन्द्रहरुको विकास गर्ने ।

- **बीउ बजारीकरण सीप अभिवृद्धिः** मौसम अनुसार गुणस्तरीय बीउ माग आपूर्तिको पूर्वानुमान गर्न संस्थागत आधार विकास गर्ने । गुणस्तरीय बीउको योजना एवं बजार व्यवस्था गर्न बीउ उद्यमीहरुलाई तालिम प्रदान गर्नुका साथै स्थानीय संस्थाहरुलाई सहयोग पुऱ्याउने ।

- **बीउ प्रसार एवं बजार प्रबर्द्धनः** कृषि प्रसारको माध्यमबाट नयाँ जातका बीउको प्रवर्द्धन गर्ने । बीउ मेला, प्रदर्शनी, भ्रमण तथा प्रकाशन एवम् विद्युतीय संचार माध्यम मार्फत स्थानीय बीउ बितरण र प्रबर्द्धनका लागि बजार अभियान कार्यक्रममा सहयोग गर्ने ।

- **बीउ निर्यात प्रबर्द्धनः** निर्यातयोग्य बालीको पहिचान गरी उपयुक्त पकेट क्षेत्रमा त्यस्ता बालीहरुको बीउ उत्पादनमा सहयोग गर्ने र अन्तर्राष्ट्रिय बीउ बजारको खोजी गर्नुका साथै निर्यातकर्तालाई सहुलियत दिने ।
- **क्षमता अभिवृद्धिः** बीउ बिक्रि, अनुगमन, विश्लेषण र बीउको वर्तमान र भावी माग सम्बन्धी सूचना प्रवाह गर्न स्थानीय संघ संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।
- **नीतिगत मुद्दाः** सिफारिस क्षेत्रमा बीउको स्वतन्त्र परिचालन गर्न सहजीकरण गर्ने ।

## ६.५ बीउ विजनको उपयोग (Seed Use)

- **बीउ विजन अभियानः** बिभिन्न संचार माध्यमहरु र बीउ प्रसार कार्यक्रम मार्फत गुणस्तरीय बीउ सम्बन्धी सचेतना जगाउन सहयोग गर्ने । नयां उन्मोचित जातहरुको प्रवर्द्धन गर्न लगानी गर्ने । बीउको उपयोग सम्बन्धी जानकारी दिन तथा बीउको व्यापक प्रचार प्रसार गर्न बीउ तालिम पुस्तिका र छपाई सामग्रीहरु तयार पार्ने ।
- **खुद्रा बजार श्रृंखलाको अनुगमनः** खुद्रा बजार श्रृंखलामा प्रवाह हुने बीउको गुणस्तर अनुगमन नियमित रुपमा गरी गुणस्तरीय बीउ प्रवाहमा सुधार गर्ने ।
- **उपभोक्ता अधिकारः** गुणस्तरीय बीउमा पहुंचको अधिकार संरक्षण गर्न बीउ प्रयोगकर्तालाई शिक्षित गर्ने ।
- **नीतिगत मुद्दाः** गरीब, महिला, सिमान्तिकृत एवम् जोखिमपूर्ण अवस्थाका कृषक परिवारहरुलाई समेटी उत्पादकत्व बृद्धिमा जोड दिन बीउमा अनुदान उपलव्ध गराउने । स्थानीय स्तरमा बिकास गरिएको नयाँ जातमा अनुदान दिने । गुणस्तरीय बीउ उत्पादन गर्न वीउ उत्पादनकर्ताको क्षमता अभिबृद्धि गर्ने ।

## ६.६ योजना, समन्वय, अनुगमन र नियमन

- **योजना, समन्वय, अनुगमनः** वर्तमान आवश्यकता परिपूर्तीको लागि राष्ट्रिय बीउ विजन समितिको समयसापेक्ष पुनरावलोकन र पुर्नसंरचना गर्ने । बीउ बिजनको दीर्घकालीन सोंच २०१३ - २०२५ को कार्यान्वयनमा सहजीकरण गर्न राष्ट्रिय बीउ बिजन समितिले केन्द्रिय स्तरमा कृषि बिकास मन्त्रालय अन्तरगतका बिभिन्न निकायहरु बिच तथा सरोकारवाला अन्य मन्त्रालयहरु बिच समन्वय कायम राख्न प्रमुख जिम्मेवारी लिने । साधन स्रोत र क्रियाकलापहरुमा दोहोरोपन हटाउन बीउ बिजन कार्यक्रमहरुको समन्वय र नियमन गर्ने । राष्ट्रियस्तरको बीउ विजन योजना तर्जुमा, पुनरावलोकन तथा अनुगमन उपसमितिलाई चनाखो बनाउने । व्यवसायिक बीउ उत्पादनको लागि सामुदायिक बीउ बिजन कार्यक्रमलाई दुर्गम स्थानमा र निजीस्तरका बीउ बिजन कार्यक्रमलाई सुगम स्थानमा संचालन गर्न बढावा दिने । जिल्लास्तरीय बीउ योजना तर्जुमा, स्रोत परिचालन तथा अनुगमनको लागि जि.वि.स. लाई उत्तरदायी बनाउने । सबै तहका सरोकारवालाहरुको सहभागिता हुने गरी बार्षिक गोष्ठि संचालन गर्ने ।
- **राष्ट्रिय बीउ विजन सूचना अभिलेखः** बीउ बिजनसंग सम्बन्धित सूचनाहरुको संकलन, प्रशोधन एवम् संप्रेषणका लागि सक्षम तथा प्रभावकारी पद्धतिको विकास गर्ने । बीउ सम्बन्धी सर्भेक्षण नियमित रुपमा गरी निर्णयकर्ताहरुलाई पृष्ठपोषण दिने ।

- **बीउ बिजन सम्बन्धी कार्यक्रमहरुको नियमनः** राष्ट्रिय मर्म अनुरुप एवं अन्तर्राष्ट्रिय नियमहरुसंग मेल खाने गरी बीउसंग सम्बन्धित नीति, ऐन, नियम तथा मापदण्डहरुमा सामञ्जस्यता कायम गर्ने । विभिन्नस्तरका बीउ विजन कार्यक्रमहरुको समन्वय, सहजीकरण र नियमन गर्ने । वंशाणु परिवर्तित जीव (GMO) को उपयोग र परम्परागत आनुवांशिक स्रोतहरुको संरक्षण सम्बन्धी अनुसन्धान र विकास कार्यक्रम संचालन गर्न नीतिगत मार्गदर्शनहरु निर्माण गर्ने । बीउ बाली विमा सम्बन्धी नीति निर्माण गर्नुका साथै आपतकालीन तथा बाली असफल भएको अवस्थामा उपयोग गर्न जगेडा बीउ संचय ( Seed buffer stock) गर्ने कार्यको शुरुवात गर्ने ।

- **नीतिगत मुद्दाः** राष्ट्रिय तथा अन्तरराष्ट्रिय बीउ कम्पनीहरुको संयुक्त प्रयाश एवं लगानी (Joint venture) उत्प्रेरित गर्न नीतिगत वातावरणको सृजना गर्ने । साथै, बर्णशंकर लगायतका बीउको निकासी पैठारी सम्बन्धी नीतिगत संरचनाको विकास गर्ने ।

- **क्षमता अभिवृद्धिः** सबै तह/स्तर र क्षेत्रमा दक्ष जनशक्तिको विकास एवं सुदृढीकरण गर्ने ।

## ७. क्रियाकलाप गतिविधिः

तालिका – २ मा अल्प, मध्यम र दीर्घकालीन गरी तीन किसिमका क्रियाकलापहरुको संचालन तथा ती क्रियाकलाप संचालन गर्दा लाग्ने अनुमानित खर्च तथा क्रियाकलाप संचालन गर्ने निकायको जिम्मेवारी प्रस्तूत गरिएको छ ।

**तालिका – २ : क्रियाकलाप गतिविधि**

| क्र.सं. | बीउ बिजनको सोच (२०१३ - २०२५) कार्यान्वयन गर्न प्रस्तावित मुख्य मुख्य क्रियाकलापहरु | अनुमानित बार्षिक खर्च रु (लाख) | जिम्मेवार निकायहरु |
|---|---|---|---|
| १०० | **१. बीउ बजारीकरण प्रसार मार्फत गुणस्तरीय बीउ प्रयोगको प्रवर्द्धन गरी बीउको सुरक्षा तथा बाली उत्पादकत्व बृद्धि गर्ने ।** | | |
| ११० | १. १ गुणस्तरहीन बीउ प्रयोगलाई निरुत्साहित गर्न नीति एवम् पद्धतिमा सुधार गर्ने । | ९१५ | कृ.वि.म., रा.बी.बि.स., ब.भू.सं.म. |
| १२० | १.२ बीउ प्रयोग योजनाको लागि सहभागितामूलक प्रकृयाको विकासमा सघाउने । | ६५० | जि.कृ.वि.का., जि.प.से.का., जि.वि.स., गा.वि.स. |
| १३० | १.३ कृषक परिवारको आर्थिक क्षमता बृद्धि गरी निजी क्षेत्रबाट बीउ खरिद गर्न सक्षम बनाउने । | २०० | जि.कृ.वि.का., जि.प.से.का., जि.वि.स., सा.स., कृषक परिवार |
| २०० | **२. प्रभावकारी अनुगमन तथा मुल्यांकनको माध्यमबाट चुस्त, प्रभावकारी एवम् व्यवसायिक संस्कार सहितको वीउसंग सम्बन्धित संस्थाको बिकासमा सघाउने ।** | | |
| २१० | २.१ राष्ट्रिय बीउ बिजन समितिले बीउसंग सम्बन्धित सूचना संकलन, प्रसोधन तथा संप्रेषण गर्न सक्ने प्रणाली बिकास गर्न सहयोग गर्ने । | ३२५ | रा.बी.बि.स., बा.बि.नि., निजी क्षेत्र |
| २२० | २.२ साना तथा मझौला बीउ व्यबसायीलाई प्रतिस्पर्धी बनाउन सहयोग गर्ने । | ८०० | कृ.वि.म., रा.बी.बि.स., सू.तथा सं.म., अ.म., बैंक तथा निजी क्षेत्र |
| ३०० | **३. जातीय विकास तथा सम्वर्द्धनात्मक प्रजनन** | | |

| | | | |
|---|---|---|---|
| ३१० | ३. १ राष्ट्रिय बाली अनुसन्धान कार्यक्रमको जातीय विकास तथा सम्वर्द्धनात्मक प्रजननलाई सुदृढ गर्ने । | १००५ | ने.कृ.अ.प., रा.बी.बि.स., कृ.वि. र निजी क्षेत्र |
| ३२० | ३.२ स्थान विशेषका बाली जातहरुको विकास, सम्बर्द्धन र उन्मोचनका लागि क्षेत्रिय तथा स्थानिय निकायलाई सहयोग गर्ने । | ३५० | क्षे.कृ.नि., क्षे.कृ.अ.के., र जि.वि.स., निजी क्षेत्र |
| ३३० | ३.३ सहभागितामुलक प्रजननद्वारा कृषक तथा कृषक परिवारको नयाँ बीउ तथा सूचना प्रणालीमा पहूँच बृद्धि गर्ने । | २५० | जि.कृ.वि.का., जि.प.से.का., जि.वि.स., गा.वि.स र निजी क्षेत्र |
| ४०० | **४.बीउ व्यबसायीको बीउ बजारीकरण सिप अभिबृद्धि गर्ने तथा बीउ उत्पादनसंग सम्वन्धित पूर्वाधारमा लगानी गर्ने ।** | | |
| ४१० | ४.१ सरकारी र निजी क्षेत्रमा बीउ संजाल, बीउ बिक्रेता तथा बीउ मूल्य श्रृंखलाको विकास तथा सुदृढीकरण गर्ने । | २४५ | रा.बी.बि.स., कृ.वि., प.से.वि, सू.तथा सं.म., सामुदायिक संस्था, निजी तथा गै.स.स. |
| ४२० | ४.२ गुणस्तरयुक्त बीउको उत्पादन योजना र बीउ बजारीकरणमा स्थानिय निकायलाई सघाउने । | २७५ | क्षे.कृ.नि., जि.कृ.वि.का., जि.प.से.का., जि.वि.स., क्षे.बी.बि.प्र., र निजी क्षेत्र |
| ४३० | ४.३ कृषकहरुलाई गुणस्तरीय बीउ उपयोग गर्ने सिप बृद्धि गर्न सघाउने । | २१५० | जि.कृ.वि.का., जि.प.से.का., जि.वि.स., सामुदायिक बीउ उत्पादन समूह, र गै.स.सं. |
| ५०० | **५. स्थापित प्रतिस्पर्धात्मक बीउ प्रणलीद्वारा बिज बृद्धि, प्रशोधन र बितरणमा सहभागिता बढाउन उपयुक्त वाताबरण बनाउने ।** | | |
| ५१० | ५.१ निजी क्षेत्रको क्रियाशील सहभागितामा बिज बृद्धि प्रणाली ( **प्रजनन–मूल–प्रमाणित –उन्नत**) मा सुधार गर्ने । | २७० | रा.बी.बि.स., कृ.वि, प.स.वि. र निजी क्षेत्र |
| ५२० | ५.२ विकेन्द्रित बीउ उत्पादन प्रणाली कार्यान्वयनमा सघाउने । | ७६० | क्षे.कृ.नि., क्षे.कृ.अ.के., जि.वि.स., क्षे.बी.बि.प्र., जि.कृ.वि.का., जि.प.से.का. |
| ५३० | ५.३ स्थानिय स्तरमा बीउ बचत, बीउ बृद्धि, र भण्डारणको लागि कृषक तथा कृषक परिवारको क्षमता अभिबृद्धि गर्ने । | ७५ | जि.कृ.वि.का., जि.प.से.का., जि.वि.स., गा.वि.स., निजी क्षेत्र र गै.स.सं. |
| **जम्मा** | | **८२७०** | |

श्रोतः बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोच २०१३ - २०२५, मूल दस्तावेज

बीउ बिजनको दीर्घकालीन सोचले राखेको लक्ष हासिल गर्न राष्ट्रिय, क्षेत्रिय र स्थानिय स्तरमा रहेका बीउ मूल्य श्रखलामा संलग्न निकायहरु व्यबाहारिक भै जिम्मेवारी पुरा गर्न समर्पित भै लाग्नेछन् भन्ने अपेक्षा गरिएको छ । माथि तालिकामा प्रस्तावित क्रियाकलापहरु संचालन गर्न सन् २०१२ को मुल्यमा आधारित भएर हिसाब गर्दा बार्षिक जम्मा रु ८२ करोड ७० लाख आवश्यक पर्ने देखिएको छ । उल्लेखित खर्च मध्ये रु ४९ करोड १० लाख सरकारी क्षेत्रबाट तथा रु ३३ करोड ६० लाख निजी क्षेत्रबाट जुट्ने अनुमान गरिएको छ । यो तालिकामा उल्लेख भएका क्रियाकलापहरु संचालन गर्न सरकारले सरकारी निकायहरु, अनुसन्धानमा संलग्न निकायहरु, शिक्षण संस्थाहरु, र जि.बि.स., गा.बि.स. जस्ता स्थानीय निकायहरु मार्फत हाल गरी रहेको लगानीमा बृद्धि गर्नु पर्ने देखिन्छ । निजी क्षेत्रमा कार्यरत अन्तरराष्ट्रीय तथा राष्ट्रीय गैर सरकारी संस्था, किसान, बीउ व्यवसायी, सहकारी संस्था, बीउ बिजन कम्पनी, र बित्तीय संस्थामा रहेको श्रोतको परिचालन गर्न तथा बीउ बिजन व्यवसायमा तिनीहरुको लगानी बृद्धि गर्न पनि सरकारी लगानीमा बृद्धि गर्नु पर्ने आवश्यकता छ ।

## ८. अपेक्षित नतिजा र प्रभावः

### ८.१ नतिजा

बीउ बिजनको दीर्घकालीन सोच कार्यान्वयनबाट सन् २०२५ सम्ममा तपशील बमोजिमको नतिजा निस्कने अपेक्षा गरिएको छ ।

१. देश खाद्यान्न बालीको बीउमा आत्मनिर्भर भै दश लाख कृषक परिवारलाई आबश्यकता अनुसारको गुणस्तरीय बीउ बाली लगाउने समय अगावै उपलब्ध हुनेछ ।
२. सन् २०२५ सम्ममा औपचारिक बीउ प्रणालीबाट ८८ मे. टन प्रजनन बीउ, २९७८ मे.टन मूल बीउ, र ९२५२७ मे.टन प्रमाणित/उन्नत बीउ उत्पादन हुनेछ ।
३. सन् २०२५ मा नेपालमा उत्पादित ७५० मे.टन गुणस्तरीय बीउ निर्यात गर्न सकिने छ ।
४. सन् २०२५ सम्ममा बीउ प्रतिस्थापन दर खाद्यान्न बालीको २५ प्रतिशत र तरकारी बालीको ९० प्रतिशत सम्म पुग्नेछ ।
५. बीउ बिजन गुण नियन्त्रण पद्धतिबाट सुनिश्चित गुणस्तर तथा यथार्थ संकेत पत्र सहितको गुणस्तरीय बीउ स्थानीय बजारमा उपलव्ध हुनेछ ।
६. सरकारी तथा निजी क्षेत्रबाट सन २०२५ सम्ममा बिभिन्न बालीका ४२३ खुला सेचित (Open pollinated) र ६० बर्णशकर (Hybrid) जातहरुको उन्मोचन गरिनेछ ।
७. बीउ बिजन प्रयोगशालाहरुले वार्षिक चालिस हजार बीउ नमूनाहरु परीक्षण तथा बिश्लेषण गर्नेछन् ।
८. प्रभावकारी संरचनाको निर्माण तथा चुस्त बीउ बिजन प्रणालीद्वारा बीउ उत्पादन र बजारीकरण गरिनेछ ।
९. धान र तरकारी बालीको उत्पादकत्व क्रमश ३.८ मे.टन प्रति हेक्टर र १९ मे.टन प्रति हेक्टरसम्म बृद्धि हुनेछ ।
१०. निजी क्षेत्रको सहभागिताबाट बीउ उत्पादन बृद्धि भै बजारमा गुणस्तरीय बीउको उपलव्धता बढ्नुका साथै देशमा चारबटा ठूला निजी बीउ कम्पनीहरु स्थापना हुनेछन् ।
११. सरकारी तथा निजी क्षेत्रमा २९३ जना बीउ विशेषज्ञको विकास हुनेछ ।
१२. कृषकको अधिकारलाई संरक्षित गरिनेछ र बालीका श्रेयस्कर र प्रतिस्पर्धी जात विकास गर्ने प्रजनकलाई प्रोत्साहित गरिनेछ ।
१३. बीउ आयात तथा निर्यात गर्ने नियमावलीहरुलाई विश्व व्यापार संगठन र सार्क देशको मापदण्ड अनुरुप मिलाईनेछ ।
१४. नेपालको बीउ बिजन प्रणालीमा संलग्न सबै सरोकारवाला निकायहरु जिम्मेवार भै कृषक प्रति जबाफदेही हुनेछन् ।
१५. बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ को कार्यान्वयनबाट थप दुई लाख पचपन्न हजार व्यक्तिलाई पूर्ण रोजगारी मिल्नेछ भने ८० लाख मे. टन खान योग्य खाद्यान्न उपलब्ध हुनेछ जसको मूल्य हालको बजार मूल्यमा करिव दुई खर्व नेपाली रुपैया हुन जान्छ ।
१६. कृषि उत्पादन बृद्धिबाट खाद्यसंग सम्बन्धित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ पर्याप्त मात्रामा उपलव्ध हुनेछ ।
१७. नेपालको बीउ बिजन क्षेत्र आफूले हासिल गरेको अनुभव र ज्ञान अरु देशसंग आदान प्रदान गर्न सक्षम हुनेछ ।

### ८.२ प्रभाव (Impact)

बीउ बिजनको बिकास रणनीतिको प्रत्यक्ष र परोक्ष प्रभावहरु निम्नानुसार देखा पर्नेछन् ।

क. खाद्य सुरक्षामा बृद्धि एवम् गरिबी न्यूनीकरण ।

ख. रोजगारीका अवसरको श्रृजना ।

ग. जैविक बिबिधताको संरक्षण र जलवायु परिर्वतन को नकारात्मक प्रभावबाट बच्ने उपायहरुको अवलम्वन ।

घ. लैंगिक समता र सामाजिक समावेशीकरण ।

## ९. अनुगमन तथा मुल्याङ्कन

### ९.१ अनुगमन

बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ को कार्यान्वयनको अनुगमन राष्ट्रिय योजना आयोगले बिकास गरेको नतिजामा आधारित अनुगमन तथा मुल्याङ्कन निर्देशिका २०६७ अनुसार तालिका - ३ मा उल्लेख गरिए बमोजिम चार तहमा गरिनेछ ।

**तालिका – ३: बीउ बिजनको दीर्घकालीन सोच २०१३ - २०२५ को तहगत अनुगमन व्यवस्था**

| स्तर | विषय बस्तु | जिम्मेवार निकाय | समय |
|---|---|---|---|
| जिल्ला स्तर | क्रियाकलाप तहमा हासिल उपलब्धिको मापन । जिल्ला गरिबी अनुगमन तथा बिश्लेषण पद्धतिको कार्यान्वयन । | जि.कृ.वि.स.(जि.कृ.वि.का., जि.वि.स., क्षे.कृ.अ.के., कृ.से.के., सामुदायिक समूह,बीउ कम्पनी, सहकारी संस्था, गा.वि.स र गै.स.स.) | प्रत्येक चौमासिकमा एक पटक |
| क्षेत्रीय स्तर | उपलब्धि (outcome) र प्रभाव (impact) तहका नतिजा सूचकांकहरु । क्षेत्रीयस्तरमा संचालित बिकास क्रियाकलापहरुको समग्र अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन केन्द्रमा पठाउने । | क्षे.कृ.वि.स ( क्षेत्रिय निर्देशनालयहरु, क्षे.वि.प.प्र. क्षे.कृ.अ.के., सहयोगी निकायहरु, गै.स.स., बीउ कम्पनी) | प्रत्येक चौमासिकमा एकपटक र आवश्यकता अनुसार गर्न सकिने । |
| विभाग र मन्त्रालयस्तर | आयोजना कार्यान्वयनको बिस्तृत प्रगति समीक्षा तथा प्रस्तूत गर्ने । | मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति ( रा.बी.बि.स/बी.बि.गु.नि.के., कृ.वि., प.से.बि., ने.कृ.अ.प. र निजी क्षेत्र) | प्रत्येक छ महिनामा एक पटक |
| राष्ट्रिय स्तर | बिभिन्न मन्त्रालय अन्तरगतका आयोजनाहरुको कार्यान्वयन प्रगति समीक्षा गर्ने र अन्तर मन्त्रालय समन्वय, नीतिगत मुद्दा तथा कानूनी मुद्दाहरुको बिषयमा छलफल गर्ने । | राष्ट्रिय विकास समस्या समाधान समिति ( रा.बि.स.स.स.) | वार्षिक |

### ९.२ मूल्याङ्कन

बीउ बिजनको दीर्घकालीन सोंच २०१३ - २०२५ कार्यान्वयनमा आईसकेपछि हरेक पाँच बर्षमा एकपटक आवधिक मूल्याङ्कन तथा कार्यान्वयनको समाप्ती पछि अन्तिम मूल्याङ्कन गरिनेछ । आवधिक मूल्याङ्कन सरकारी श्रोत साधनबाटै वा तटस्थ मूल्याङ्कनकर्ताबाट गराइनेछ । आवधिक मूल्याङ्कनबाट प्राप्त सुझावहरुको आधारमा सोंच कार्यान्वयनमा आबश्यक सुधार तथा परिमार्जन गरिनेछ । अन्तिम मूल्याङ्कनबाट प्राप्त सुझावहरुले

पछिसम्म बीउ बिजन सम्बन्धी नीति, ऐन, नियम तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछन् ।

## १०. निष्कर्ष

बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोच २०१३ - २०२५ खाद्यान्न उत्पादन बृद्धिको उदेश्य हासिल गर्न तथा बीउको लागि अन्तर्राष्ट्रिय बजार माथिको निर्भरता घटाउन महत्वपूर्ण साधन हुनेछ । यस सोचले कृषकहरुलाई उच्च गुणस्तरको बीउ आपूर्ति हुने एउटा चुस्त प्रणालीको सुनिश्चितता गरी कृषि बिकासको गतिलाई तीब्र बनाउन मद्दत गर्नेछ । कृषि क्षेत्रको दिगो विकास, खाद्य सुरक्षा तथा कृषक समुदायको जीवनस्तर उकास्ने लक्ष्य प्राप्तीका लागि यस सोचमा वृहत नीतिगत ढाँचा प्रस्तुत गरिएको हुँदा सरकारी निकाय, राजनैतिक दल, दातृ निकाय, प्राज्ञिक क्षेत्र, अनुसन्धानकर्ता, गैह्र सरकारी संस्था, निजी बीउ कम्पनीहरु, निजी बीउ व्यबसायीहरु, सहकारी संस्था, बीउ उत्पादक तथा अन्य सरोकारवालाहरुवाट यसमा पूर्ण सहयोग हुने नेपाल सरकारले विश्वास लिएको छ ।